बैठक नं. २५

आज मिति २०८२।०६।२४ गते सह न्यायाधिवक्ता यदुनाथ शर्माको संयोजकत्वमा उच्च सरकारी वकील कार्यालय नेपालगन्जमा कार्यरत कर्मचारीहरूको वैठक वसी निम्न अनुसारका निर्णय गरिएको छ ।

<u>उपस्थिति र निर्णयः</u>

| क्र.स. | पद | नाम | हस्ताक्षर |
|---|---|---|---|
| १ | सहन्यायाधिवक्ता | यदुनाथ शर्मा | |
| २ | उपन्यायाधिवक्ता | कर्णबहादुर बुढा क्षेत्री | |
| ३ | उपन्यायाधिवक्ता | खुम बहादुर कुँवर | |
| ४ | सहायक न्यायाधिवक्ता | सृजना आचार्य | |
| ५ | लेखापाल | संगम ठाडा | |
| ६ | नायव सुब्बा | रमा अर्याल | |
| ७ | नायव सुब्बा | पुर्णबहादुर कटुवाल | |
| ८ | नायव सुब्बा | सुवास सुनार | |
| ९ | नायब सुब्बा | शोभाकर राना | |
| १० | कम्प्युटर अपरेटर | टिकाराम थारु | |
| ११ | खरिदार | मिस्मा कुमारी कार्की | |
| १२ | खरिदार | अंकित कुमार पटेल | |
| १३ | स.कम्प्युटर अपरेटर | सुष्मा यरी | |
| १४ | ह.स.चा. | दलबहादुर खत्री | |
| १५ | कार्यालय सहयोगी | धनिराम खटिक | |
| १६ | कार्यालय सहयोगी | नरेन्द्र प्रकाश चौधरी | |
| १७ | कार्यालय सहयोगी | बुधराम वर्मा | |
| १८ | कार्यालय सहयोगी | रामकृष्ण चौधरी | |

छलफलका विषयहरु:

१) मिति २०८२।०५।२३ गते र २४ गते भएको आन्दोलनका क्रममा भौतिक सामाग्रीहरूमा पुगेको क्षेतिका कारण कार्यालय सञ्चालनमा असुविधा भएको र कार्यालयमा रहेको बजेटबाट आवश्यक सामानहरू खरिद गर्न नपुग भई सहयोगका लागि प्रदेश सरकार समक्ष अनुरोध भए अनुसार लुम्बिनी प्रदेश सरकारको विपद व्यवस्थापन कोष सञ्चालक समितिबाट यस कार्यालयमा रू. ५ लाख रकम प्राप्त भएको हुँदा प्राप्त रकमलाई अत्याधिक सदुपयोग गरी अत्यावश्यक सामानहरू खरिद गरी धन्यवाद सहित सो अनुसारको जानकारी लुम्बिनी प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालयमा पठाउने विषयमा छलफल गरी सो अनुसारको निर्णय गरियो ।

२) लुम्बिनी प्रदेश सरकारको विपद व्यवस्थापन कोष सञ्चालक समितिबाट यस कार्यालयमा प्राप्त भएको उक्त रकमलाई अधिकतम सदुपयोग गरी अत्यावश्यक समान खरिद तथा मर्मतका लागि आवश्यकता पहिचान तथा सामान खरिद गर्नका लागी यस कार्यालयका निम्न कर्मचारीहरूलाई जिम्मा दिने विषयमा छलफल गरी सो अनुसार गर्ने निर्णय गरियो ।

३) निर्णय नं. २ को कार्यान्वयनका लागी यस कार्यालयका उप न्यायाधिवक्ता श्री कर्णवहादुर वुढा क्षेत्रीको संयोजकत्वमा ना.सु. रमा अर्याल र ना.सु पूर्णवहादुर कटुवाल भएको तीन सदस्सीय आवश्यकता पहिचान तथा समान खरिद समिति गठन गर्ने र उक्त समितिले कार्यालय प्रमुखसंग समन्वय गरी आवश्यकता पहिचान गरी सामान खरिद गर्ने निर्णय गरियो।

४) यस कार्यालय मातहतका जिल्ला सरकारी वकील कार्यालय बाँके तथा जिल्ला सरकारी वकील कार्यालय बर्दियाका सरकारी वकीलहरूसंग कार्यालय सञ्चालनका लागी आवश्यक सामान हस्तान्तरणका बारेमा छलफल गर्ने विषयमा छलफल गरी मिति २०८२।०६।२४ गते दिनको ०२:०० बजे बैठक बस्ने निर्णय गरियो ।